# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष : ६ , खण्ड : १३ , मिति : २०७९ साल पौष ११ गते**

भाग-२

## महिला शशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि-२०७९

**प्रस्तावनाः**

महिलाहरुलाई आर्थिक पक्षमा सबल र सक्षम बनाउदै महिला शसक्तीकरण गर्दै सामाजिक न्याय कायम गरि महिला र पुरुषबीचको बिध्यमान भेदभावलाई हटाउदै क्षमता अभिबृदिका साथ सुरक्षाको प्रत्याभुति गर्न तथा लक्षित वर्गका महिला र तत् समुदायमा महिला, बालबालिका एवं जेष्ठ नागरिकहरुको लागि शशक्तिकरण र सबलीकरणका कार्यक्रम संचालन गर्दै अन्नपुर्ण गाउँपालिकालाई पुर्ण रुपमा समावेशी मैत्री पालिकाको रुपमा विकास गर्न स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गर्दै अन्नपुर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको २०७९/०९/०९ बैठकबाट पारित गरि यो कार्यविधि जारी गरिएको छ ।

**१. प्रारम्भः**

यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुने छ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

१. **"कार्यक्रम"** भन्नाले महिला शशक्तिकरण सम्बन्धी कार्यक्रम सम्झनुपर्छ ।

२. **"कार्यपालिका"** भन्नाले अन्नपुर्ण गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

३. **“प्रमुख”** भन्नाले अन्नपुर्ण गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

४. **“उपप्रमुख”** भन्नाले अन्नपुर्ण गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्छ ।

५. **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले अन्नपुर्ण गाउँपालिकाको प्रशासनको प्रमुख भै काम गर्ने अधिकृतलाई सम्झनुपर्छ ।

६.**“कार्यविधि”** भन्नाले महिला शशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि-२०७९ लाई सम्झनुपर्छ

७. **”समिती”** भन्नाले अन्नपुर्ण गाउँपालिकाको वडास्तर र पालिका स्तरमा गठित समितिलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्यः** (१) यस अन्नपुर्ण गाउँपालिकामा रहेका आर्थिक अवस्था कमजोर भएका , विभिन्न कारणले पछि परेका र पारिएका महिलाहरुको शसक्तिकरणको लागि विभिन्न कार्यक्रम संचालन गर्ने ।

(२) आर्थिक, सामाजिक, भौगोलिक रुपमा पिछडिएका महिलाहरुको लागि आवश्यक क्षमता विकासको लागि महिला शसक्तिकरण कार्यक्रम सञ्चालन गरिने

(३) लैङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने

(४) महिलाहरुको क्षमता अभिबृदि गराउदै आर्थिक रुपमा सवल र सक्षम उधमशीलताको विकास गराउने

(५) महिला र वालबालिकाको सबै पक्षको विकास मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

(६) गरिब , जनजाति, दलित जोखिममा परेका सामाजिक रुपमा उपेक्षित वर्गका महिलाहरुलाई नेतृत्वमा ल्याउन विभिन्न अवसरहरु प्रदान गर्ने ।

(७) समाजमा रहेका विभिन्न कुरुतिहरु जस्तै बोक्सी प्रथा, दाईजो प्रथा , छुवाछुत प्रथा छाउपडी जस्ता कुप्रथा अन्त्यको लागि विभिन्न सचेतना कार्यक्रम संचालन गर्ने ।

**४. कार्यक्रमको क्षेत्रः**

प्रस्तावनको उद्देध्य पुरा गर्न निम्नानुसार क्षेत्र तोकिएका छन् ।

क) गरिब पिछडिएका महिला, दलित महिला, जनजाति महिलाहरुको क्षमता विकास र आर्यआर्जन हुने कार्यक्रमा जोड चेलीबेटी तथा मानव बेचविखन विरुद्दको सचेतना अभियान संचालन सम्बन्धी कार्यक्रम

ख) घरेलु हिंसा एव लैगिक हिंसा र अन्य विभिन्न हिंसाको स्वरुप विरुद्दको नियन्त्रण मुखी कार्यक्रम

ग) दाइजो तथा कुरिति विरुद्दको सचेतना कार्यक्रम

घ) महिलाका प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम

ङ) लागुऔषध नियन्त्रण कार्यक्रम

च) सडक महिला, बालबालिका सचेतना कार्यक्रम

छ) कानुनी सचेतना कार्यक्रम

ज) महिलाको क्षमता उत्थान कार्यक्रम

झ) बालबालिका तथा जेष्ठ नागरिकहरुको संरक्षण, सम्मान तथा ज्ञान आदानप्रदान कार्यक्रम

ञ) विवाहित महिलाको नागरिकता, नाबालकको जन्म दर्ता सम्बन्धी अधिकार

ट) महिला आत्मनिर्भर बन्न आयआर्जन तथा उधमशीलता विकास सम्बन्धी सिपमुलक तालिम तथा आत्मानिर्भरता सम्बन्धी विभिन्न कार्यक्रम संचालन

ठ) किशोरी बालिकाका लागि प्रजनन स्वास्थ्य र नेत्तृत्व विकास कार्यक्रम

ड) चेलीबेटी तथा मानव बेचविखन विरुद्दको सचेतना अभियान संचालन सम्बन्धी कार्यक्रम

ढ) महिलाहरुको आय आर्जनको साथै जीवन परिवर्तनको लागि क्षमता विकास तथा सीप विकास कार्यक्रम ।

**५ कार्यक्रमको रणनीतिः**

क) क्षेत्रगत कार्यक्रममा महिला बालबालिका दलित जनजाति अधिकारलाई आन्तरिकीकरण गर्ने

ख) प्रभावित महिला बालबालिकालाई नियमित सेवा दिने

ग) महिला शसक्तिकरणलाई प्रार्थमिकरणमा राख्ने

**६. संचालक समिति गठन सम्बन्धी ब्यबस्थाः**

६.१ कार्यक्रम संचालनको लागि पालिकास्तरमा देहाय बमोजिमको तेह्र सदस्यीय संचालक समिति रहनेछ।

**अध्यक्ष : एक जना**

**उपाध्यक्ष : एक जना**

**कोषाध्यक्ष : एक जना**

**सदस्यहरु : नौ जना** (एक जना पालिकाद्धारा मनोनित हुने / शारिरीक असक्त अपांगता वा दलित महिला मध्येबाट)

**सदस्यसचिव : एक जना (पालिकाको महिला बालबालिका तथा जेष्ठनागरिक शाखा हेर्न कर्मचारी)**

*नोट: (प्रत्येक वडामा गठन भएको वडास्तरीय समितिको अध्यक्षहरु पालिकास्तरको समितिमा रहनेछन् ।*

**६.२ संचालक समितिको काम कर्तब्य अधिकारः**

क) , कार्यक्रमको उद्देश्यअनुरुप काम गर्ने गराउने

ख) वडास्तरबाट महिला शसक्तिकरण,क्षमता विकास, रोजगारी सिर्जना तथा सीप र, क्षमता बृद्धि सम्बन्धी तालिम , आवश्यकताको आधारमा प्राप्त निवेदन संकलन गर्ने

ग) पालिका , प्रदेश र संघसँग समन्वयन गरी महिलाको हक हितको विषय र अन्य कार्यहरु गर्ने गराउने )

घ) हिंसामा परेका महिला, घरेलु हिंसा र विभिन्न अप्ठ्यारोमा परेका महिलाहरुलाई न्यायको लागि पहल गर्नुको साथै आर्थिक अवस्था सुदृढ पार्नको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने । ङ)

समाजमा रहेका विभिन्न कुरुतिहरु जस्तै बोक्सी प्रथा, दाईजो प्रथा , छुवाछुत प्रथा छाउपडी जस्ता कुप्रथा अन्त्यको लागि विभिन्न सचेतना कार्यक्रम संचालन गर्ने ।

च) वडास्तरमा गठित समितिसंग समन्वयनको भुमिका निर्वाह गरी आश्यक राय सुझाव दिई हिंसामुक्त पालिका बनाउन सहयोग गर्ने ।

**६.३ कार्यक्रम लक्षित वर्गः** अन्नपुर्ण गाउँपालिका भित्रका स्थायी अस्थायी रुपमा बसोबास गर्ने महिला, बालबालिका, जेष्ठ नागरिकहरु,पिछडिएका वर्ग , जनजातिहरु

६.४ कार्यक्रम संचालनमा सघाउ पुर्याउनु साथै महिलाहरुको हक हित र शसक्तीकरण गर्नको लागि यस गाउँपालिकाको प्रत्येक वडामा एउटा महिला समिति हुनेछ जसमा तपसिल बमोजिमका नौ सदस्यहरु रहनेछन् ।

**१. अध्यक्ष - एक जना**
**२. उपाध्यक्ष– एक जना**
**३. कोषाध्यक्ष– एक जना**
**४. सचिव – एक जना**
**५. सदस्य – पाँच जना**

*पिछडिएका महिला, दलित महिला, आदिवासी/जनजाति महिला, आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, एकल महिला, असक्त तथा अपांगता , विभिन्न अप्ठ्यारोमा परेका ,हिंसा पिडित महिलाहरुको वडास्तरमा भेला राखि उल्लेखित समिति चयन हुनेछ ।*

**६.४ समिती गठनको आधारः**

- समिती गठन गर्दा जातिय, वर्गीय र भौगोलिक हिसाबले समावेशी हुने गरी निर्माण गर्नु पर्दछ ।

- ❖ पुरानो समितिमा केही अप्ठ्यारो वा विवादं अथवा समिति निष्कृय भएमा अर्को नयाँ समिति गठन गर्न सकिनेछ ।
- ❖ कुनै कारणले संयोजक तथा सदस्य पद रिक्त भएको अवस्थामा समितिले अर्को सदस्य वा संयोजक चयन गर्न सक्नेछ ।

**७. कार्यक्रम छनौट तथा कार्यान्वयनः**

७.१ महिलासँग उपाध्यक्ष कार्यक्रम लगायत अन्य कार्यक्रम समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ ।

७.२ उपरोक्त कार्यक्रम संचालन गर्दा समिति आफै वा वडा कार्यालय मार्फत महिला बालबालिका, जेष्ठ नागरिकहरुको चौतर्फी विकासको क्षेत्रमा क्रियाशील संस्थाहरुसँग समन्वय सहकार्य गरि कार्यक्रम संचालन गर्न सक्नेछ र सो कार्यक्रमाको जानकारी पालिका र वडालाइ गराउनु पदर्छ।

७.३ कार्यक्रम संचालन गर्दा स्थानीय युवा महिलाहरुलाई प्रार्थमिकता दिई समावेशी रुपमा सहभागी छनौट गरी संचालन गर्नु पर्नेछ ।

७.४ वडा र टोल स्तरबाट समेत उपरोक्त कार्यक्रम माग भई आएमा आवश्यकता तथा औचित्य हेरी कार्यक्रमलाई अन्तिम स्विकृति दिने अधिकार गाउँपालिकमा रहनेछ । कार्यक्रम कार्यान्वयनको प्रभावकारिताको अनुगमन गाउँपालिकाले गर्नेछ ।

७.५ महिला उधमशीलता तथा विकासका लागि अनुदान तथा ऋण सहायता आवश्यक परे समितिले कार्यपालिकालाई अनुरोध गर्नेछ।

७.६ जुनसुकै कार्यक्रमको छनौट तथा स्विकृतिका लागि एकल, हिंसा पीडित, अपांगता भएका, दलित, आदिवासी जनजाति, सिमान्तकृत महिला, एवं अति विपन्न तथा विपन्नलाई प्राथमिकता दिनुपर्नेछ ।

**८. बैठक सम्बन्धी ब्यवस्थाः**

समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ । तर आवश्यक ठानेमा अध्यक्षको निर्देशन अनुसार जुनसुकै बेला पनि बैठक बस्न बाधा पर्ने छैन ।

**९. कार्यक्रमको बजेट सम्बन्धी ब्यवस्थाः**

९.१ कार्यक्रम संचालनको लागि आवश्यक बजेटको प्रबन्ध गाउँसभाले गर्नेछ ।

९.२ प्रचलित आर्थिक कार्यविधि ऐन, सार्वजनिक खरिद ऐन तथा गाउँपालिकाको आर्थिक ऐन तथा अन्तर्गतका नियमावली तथा कानुन बमोजिम कार्यक्रम संचालन गरिनेछ ।

**१०. संशोधन सम्बन्धी ब्यवस्थाः**

कार्यविधिको कुनै ब्यवस्था संशोधन गर्नु परेमा गाउँकार्यपालिकाको बैठकको निर्णयले गर्नेछ

**११. निर्देशन दिन सक्नेः**

कार्यविधि कार्यान्वयनका लागि कार्यपालिका तथा गाउँसभाले उपसमिति गठन गर्न तथा अन्य ब्यवस्था गर्न निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

**प्रमाणिकरण मिति : २०७९ पौष ११**
**राजपत्रमा प्रकाशित मिति : २०७९ पौष ११**

**आज्ञाले,**
**खेमराज देबकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**